# श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह

मनहरी ९ मकवानपुर
प्रथम पटक प्रकाशित मिति २०८२।०८।२४

## बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्रि सम्बधी सूचना

यस हरियाली सामुदायिक वन उपभोक्ता समूह मनहरी, ९ मकवानपुरले आ.व. २०७९।०८० मा जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ९३ को ७६८.४२ क्यू.फि.काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

.......................................
अध्यक्ष

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ९, मकवानपुर**
**बोलपत्रद्वारा वन पैदाबार लिलाम बिक्रि सम्बन्धि सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति:२०८२/०८/२४**

यस सामुदायिक वन उपभोक्ता समूहबाट ब्यबस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार संकलन भएको काठ मध्ये उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिबाट काठ फिर्ता भई यस समूहको घाटगद्दीमा बाकी रहेको तपसिल अनुसारको काठ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काष्ठ ब्यबसायी,संघ संस्था,फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) ले यो **सूचना हेटौडा संदेश राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।
तपसिल

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | ए | ७ | १२९.५३ | १२५० | १६१९१२.५० | |
| २ | | साल | बी | २६ | २८९.०१ | ९०० | २६०१०९.०० | |
| ३ | | साल | सी | ५३ | ३२०.१२ | ६०० | १९२०७२.०० | |
| ४ | | साल | डी | ७ | २९.७६ | ३०० | ८९२८.०० | |
| **जम्मा** | | | | ९३ | ७६८.४२ | | ६२३०२१.५० | |

**१. लिलाम बिकि हुने वनपैदाबारको विवरण-**

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
  क) बोलपत्र खरिद गर्ने अन्तिम मिति ०८२/०९/१५ गते, समय: दिनको ४. ०० बजे सम्म ।
  ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति ०८२/०९/१६ गते समय दिनको १२..०० बजे सम्म ।
  ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. बोलपत्र डिभिजन वन कार्यालय, राप्ती र यस समूहको कार्यलयबाट खरिद र दाखिला गर्न सकिने छ ।

४.बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको हेटौडा स्थित नेपाल वैक शाखा कार्यालयमा हेटौडामा रहेको चल्ती खाता नं. ०२५००१००४३९७६८००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्ने छ ।

५.बोलपत्र फारममा उल्लेखित वन पेदावारको न्यूनतम मूल्य रु.१,००,०००।-भन्दा कम भए रु. ३००।- र न्यूनतम रु.१,००,०००।- भन्दा बढी भए प्रति लटको रु. १०००।०० (पछि फिर्ता नहुने गरी) तिरी यस समूहबाट खरिद गर्न सकिने छ ।

६.लिलाम बढाबढ हुने वन पैदावार (काठ,दाउरा) कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७.लिलाममा भाग लिन इच्छुक काष्ठ ब्यबसायी,संघ संस्था,फर्म वा कम्पनीका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्ब (PAN No) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्ने छ

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति ०८२/०९/१६ गते दिनको २.०० बजे साक्षीहरूको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परे कार्यालय खुल्ने पहिलो दिन खोलिने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा मूल्य अभिवृद्धि कर,संकलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमालेखिएकोलाई मान्यता दिइनेछ

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ ।

CS CamScanner